जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८ पृष्ठः ४ | २०८२ बैशाख २२ गते सोमबार (Monday 05 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अबको प्राथमिकता प्रदेशको शिक्षा सुधार : मुख्यमन्त्री सिंह



**जीवछ यादव**

लहान, २१ बैशाख। मधेश प्रदेशको मुख्यमन्त्री सतीशकुमार सिंहले अबको प्राथमिकता प्रदेशको शिक्षा सुधार हुने बताएको छ। राजर्षि जनक विश्वविद्यालयबाट सम्बन्धन प्राप्त जेएस मुरारका कलेजको उद्घाटन कार्यक्रममा बोल्दै उनले यस्तो बताएको हो। देशभरीमा नै दस वटा जिल्लाहरू शिक्षामा अति नै पछाडि पेको सूचीमा मधेश प्रदेशकै सात वटा जिल्ला रहेकोले शिक्षामा सुधार नगरी यस प्रदेशको समृद्धि र विकास सम्भावना नरहेको मुख्यमन्त्री सिंहले स्पष्ट गरे। कार्यालयको कार्य सकेर राती राती १२ बजेसम्म मधेश प्रदेशको स्वास्थ्य क्षेत्रको अनुगमन गर्ने क्रममा १५० वटा अवैध अस्पतालहरू सञ्चालनमा रहेको उहाँले भन्दै अवैध रहेका अस्पताल क्लिनिकहरूलाई कानुनी प्रक्रियामा ल्याउन सक्नेलाई प्रक्रियामा ल्याउने, ल्याउन नसक्नेलाई बन्द गर्न पहिलो चरणको अभियान सकाएको मुख्यमन्त्री सिंहले बताए। उनले भने, "अबको प्राथमिकतामा शिक्षा क्षत्रमा सुधार

**–बाँकी अन्तिम पेजमा**

## बलात्कार मुद्दामा फरार बरियारपट्टीका बिबेक साह पक्राउ

सिरहा, २१ वैशाख। बलात्कार मुद्दामा फरार रहेका बरियारपट्टी गाउँपालिका १ का १९ वर्षीय बिवेक साहलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी कचनारी र हरकट्टीबाट खटिएको टोलीले गोप्य सूचनाका आधारमा औरही गाउँपालिका १ नेपाल–भारत सीमा क्षेत्र दरहिया टोलबाट साहलाई पक्राउ गरेको हो। साहलाई ईलाका प्रहरी कार्यालय महेशपुर पतार लगिएको छ। उनलाई सिरहा जिल्ला अदालतमा पेश गर्दा प्रहरीलाई अनुसन्धान गर्न पाँच दिनको म्याद दिएको छ।

## आज सार्वजनिक विदा

सिरहा, २१ बैशाख। मधेश प्रदेश सरकारले यही वैशाख २३ गते (मंगलबार) सार्वजनिक विदा दिएको छ। मधेस प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयले आइतबार एक सूचना जारी गर्दै मंगलबार प्रदेशभर सार्वजनिक विदा दिने जनाएको हो। मंगलबार जानकी नवमी–सीता जयन्तीको अवसरमा उक्त विदा दिने निर्णय भएको मन्त्रालयले जनाएको छ।

## होटेल सञ्चालक भारतीय नागरिक ब्राउनसुगरसहित पक्राउ

सिरहा, २१ बैशाख। सिराहाको सीमावर्ती क्षेत्रमा होटेल तथा मदिरा पसल सञ्चालन गर्दै आएका भारतीय नागरिक प्रतिबन्धित ब्राउनसुगरसहित पक्राउ परेका छन्। नेपाल भारत सीमा क्षेत्रमा पर्ने सिराहा नगरपालिका–१७, खैटोकामा अजय होटेल तथा मदिरा पसल सञ्चालन गरिरहेका भारतीय नागरिक करिब ३५ वर्षीय धर्मेन्द्र यादवलाई पाँच ग्राम चार सय ८० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार भारत बिहारको मधुवनी जिल्ला कमलाकारी ग्राम पञ्चायत घर भएका यादवलाई विशेष सूचनाका आधारमा खैटोकास्थित होटेलबाट ब्राउनसुगरसहित पक्राउ गरिएको हो।



माडरस्थित इलाका प्रहरी

**–बाँकी तीन पेजमा**

## सहिद परिवारलाई मधेस प्रदेशका गृहमन्त्रीले हप्काएपछि....




काठमाडौँ, २१ वैशाख। मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले सहिद परिवारका सदस्यलाई मन्त्रालयमा हप्काएपछि उनीहरू आन्दोलित भएका छन्। सहिद परिवारका केही सदस्यहरू आइतबार बिहान १० बजे मधेस सरकारसँग आफ्ना माग लिएर मन्त्रालय पुगेका बेला मन्त्री लेखीले हप्काएका थिए। गृहमन्त्री लेखीले आफूहरूलाई गाली गर्दै हप्काएर मन्त्रालयबाट निकालेको मधेस सहिद प्रतिष्ठानका सदस्य अवधेश यादवले बताए। गाली गर्दै मन्त्रालयबाट हप्काएर पठाएपछि मन्त्रालयको अगाडि आफूहरू अनसन बसेको उनले बताए। उनले भने, 'एक त हाम्रो माग पुरा गर्दैनन्, माग पुरा गराउनका लागि मन्त्रालयमा गएपछि उल्टै अपमानित तरिकाले त्यहाँबाट निकाल्नु भयो। के मेरो चार वर्षको छोराले यसैका लागि सहादत दिएका थिए त, मधेस सरकारले

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत स टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आ नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आ नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई–फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# राज्यले पर्यटकको सुविधा र सुरक्षालाई प्राथमिकता देओस् !

जतातत‍ै निराशाको समाचार आइरहेकै बेला पर्यटन क्षेत्रबाट भने खुसीको खबर आएको छ। सन् २०२५ को अप्रिल महिनामा अहिलेसम्मकै सबैभन्दा धेरै पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डका अनुसार अप्रिलमा नेपाल आउने विदेशी पर्यटकको संख्या १ लाख १६ हजार ४९० छ। नेपाल आउने विदेशी पर्यटकको संख्यामा स्वाभाविकरूपमा भारतीयहरूको संख्या सबैभन्दा धेरै २५ हजार ९३३ थियो। यसैगरी अमेरिका, चीन र बेलायती पर्यटकको संख्या क्रमशः दोस्रो, तेस्रो र चौथो स्थानमा थियो। सन् २०२५ का चार महिनामा मात्रै ४ लाख १५ हजार ४८ पर्यटक नेपाल आएको बोर्डले जनाएको छ। पक्कै पनि कोभिडपूर्वको भन्दा बढी संख्यामा पर्यटक नेपाल आउनु खुसीको समाचार हो। यद्यपि, यसबीच पर्यटकलाई लक्षित गरी निजीस्तरबाट बनाइएका होटेलबाहेक सम्भवतः अरू कुनै पनि क्षेत्रको विकास हुनसकेको छैन। यसैले पर्यटकहरूको आगमनको जस नेपालको प्रकृति र नेपालीप्रतिको स्नेहबाहेक अरूले पाउने देखिँदैन।

काठमाडौं उपत्यका, पोखरा, लुम्बिनी, चितवनजस्ता प्रमुख पर्यटकीय गन्तव्यहरूको वायु प्रदूषण विश्वमै खराबस्तरमा पुगेको हुन्छ। ती प्रमुख गन्तव्य जाने मुख्य सडकहरू भत्काएको वर्षौं भइसकेको छ। भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भए पनि खासै अन्तर्राष्ट्रिय उडान हुनसकेको छैन। तैपनि पर्यटकहरू नेपाल आएका छन्। नेपालको अर्थतन्त्रको एउटा स्तम्भका रूपमा रहेको पर्यटन क्षेत्रलाई उचित ध्यान दिन सकेको भए विकासका अपार सम्भावना रहेको यसले देखाएको छ। स्पष्ट छ, सरकारका सम्बन्धित निकायहरू साँच्चै नै गम्भीर हुने हो भने पर्यटन उद्यमबाट नेपालले ठूलो लाभ लिन सक्थ्यो। संसारकै सबैभन्दा धेरै जनसंख्या भएका भारत र चीनसँग सीमा जोडिएको नेपालको पर्यटकीय सम्भावना यसै बलियो छ। त्यसमाथि नेपालसँग भारत र चीनको धार्मिक तथा सांस्कृतिक सम्बन्ध पनि छ। दुर्भाग्य, सडकको दुरवस्थाका कारण दुवै मुलुकमा यात्रुहरू स्थल मार्गबाट भने सहजतापूर्वक आउन सक्तैनन्।

दुर्भाग्य, काठमाडौं–पोखरा, नारायणगढ–बुटवल सडक सुधार कहिलेसम्म भइसक्छ कसैले भन्न सक्ने अवस्था छैन। काठमाडौं, भैरहवा र पोखरा विमानस्थलमा ठूला जहाज चलाउन मिल्छ तर राष्ट्रिय ध्वजा वाहकसँग आन्तरिक सेवाका लागि जहाज ठूला जहाज छैन। निजी वायुसेवाहरूले बढी नाफा हुने क्षेत्र हेर्ने नै भए। यसैले सरकारले पर्यटन विकासलाई यथार्थमै प्राथमिकता दिन सडक तथा हवाई सुविधा बढाउन उचित र आवश्यक देखिन्छ। यसैगरी निजी क्षेत्रका पर्यटन व्यवसायीहरूले भोग्नुपरेका समस्या समाधान गर्न पनि सरकारले उत्तिकै ध्यान दिनुपर्छ। प्रमुख सहरहरूको वायु प्रदूषण रोक्न पनि युद्धस्तरमै काम गर्नु आवश्यक छ। सडक मार्गको विकल्प हुन नसके पनि काठमाडौं, पोखरा र लुम्बिनीसम्म जानेआउने हवाई यात्राको शुल्क सस्तो बनाएर भारतीय र चिनियाँ नागरिकलाई आकर्षण गर्न सकिन्थ्यो। पर्यटन प्रवर्धनकै उद्देश्य राखेर होटेल, वायुसेवाबीच सहकार्य गर्न सके त झन् सुनमा सुगन्ध हुनेथियो।

## सहिद परिवारलाई ...

हामी सहिद परिवारलाई पटक पटक अपमानित गरिरहेको छ।'

अहिले मधेस सहिद प्रतिष्ठानमा दुई जना सदस्य खाली छन्। सो संगठनमा सहिद परिवारबाटै सदस्य राख्नका लागि केही महिनादेखि उनीहरूले मधेस सरकारलाई आग्रह गर्दै आइरहेका छन्। तर सरकारले भने आफूहरूको प्रस्ताव टार्दै आएको उनले गुनासो गरे। सरकारसमक्ष नियुक्तिका लागि निर्णयसहित निवेदन दिएको समेत उनले बताए। 'ती दुवै पद सहिद परिवारका सदस्यका लागि नै हो, तैपनि मधेस सरकारले सो पद दिनका लागि आनाकानी गरिरहेको छ' उनले गुनासो गरे। यस विषयमा मुख्यमन्त्री सतिशकुमार सिंहलाई पनि जानकारी गराइसकिएको उनले बताए। मुख्यमन्त्रीलाई पनि यसका बारेमा सबै जानकारी रहेको यादवले बताए। 'मुख्यमन्त्री सिंहसँग भेट्दा उनले एक दुई दिनमै गर्ने भनेको १५ दिनभन्दा बढी भइसक्यो तर अहिले त्यस विषयमा कुरा गर्नका लागि भेट्न समेत चाहँदैनन्' यादवले गुनासो गरे। उनले भने, 'आजै जनमत पार्टीका अध्यक्ष सिके राउतसँग यस विषयमा कुरा गरेको उहाँले बुझेर खबर गर्छु भन्नुभयो तर अहिलेसम्म कुनै खबर गर्नुभएको छैन।' यसअघि सहिद परिवारका सदस्य ५१ जनाले जागिरका लागि निवेदन दिए पनि २६ जनालाई मात्र जागिर दिइएको उनीहरूको गुनासो छ। 'त्यसमध्ये पनि अहिले १०–१२ जना मात्र कार्यरत छन्। उनीहरूको पनि जागिर सुरक्षित छैन, उनीहरूलाई पनि जागिरबाट निकालिदिन्छन् भन्ने चिन्ता हामीलाई लागिरहेको छ' यादवले भने। उनीहरू मधेस सहिद प्रतिष्ठानको रिक्त पदमा नियुक्त गर्नुपर्ने, हरेक सहिद परिवारलाई रोजगारी दिनुपर्ने र सबैको स्वास्थ्य बिमा हुनुपर्ने माग राखेर आन्दोलनमा उत्रिएका छन्। उनले माग पुरा नभएसम्म फर्केर नजाने समेत चेतावनी दिए।

# धनुषाको देहाती स्कुल, जहाँ तीन जिल्लाका विद्यार्थी झुत्तिन्छन्

*धनुषाको विदेहस्थित जनता नमुना माविमा २०६८ सालमा जब हेडसर बनेर पवन मण्डल आए, त्यसपछि स्कुलले चोला फेर्‍यो। गुणस्तरीय सिकाइ र उत्प्रेरणाको नमुना स्कुलमा भर्ना पाउन धनुषा, महोत्तरी र सिरहाका विद्यार्थी वर्षेनि तँछाडमछाड गर्छन्।*



**शैलेन्द्र महतो**

जनकपुर, २१ बैशाख। 'सामुदायिक विद्यालयले विद्यार्थी नै पढाउँदैनन् ! सामुदायिक विद्यालयमा पढाउने शिक्षकहरू राजनीति मात्रै गर्छन् ! फलाना सामुदायिक विद्यालयको नतिजा निल ! विद्यार्थी नपाएर सामुदायिक विद्यालय मर्ज हुने अवस्थामा !' धेरैजसो सामुदायिक विद्यालयको वास्तविकता यही हो। तर, यी तमाम निराशा चिर्दै विद्यार्थी र अभिभावकको भरोसा बनेको छ– धनुषा, विदेह नगरपालिका–६ तिनकोरियास्थित गिद्धा–बेलापट्टीको जनता नमुना मावि। यहाँ अध्ययनरत विद्यार्थी संख्याले विद्यालयको गुणस्तर झल्काउँछ, जहाँ तीन जिल्लाका ६ हजार बढी विद्यार्थी पठनपाठन गर्छन्। यतिबेला विद्यालयको भर्ना खुलाउने बेला भयो, तर जनता नमुना माविका पवन मण्डललाई उत्साहसँगै हैरानी समेत थपिएको छ। उत्साह यसकारण, उनले नेतृत्व गरेको विद्यालयले अघिल्ला वर्षहरूमा जुन पठनपाठनको वातावरण र नतिजा दियो, त्यसले पालिकाभरिका अभिभावकलाई यही विद्यालयतिर बच्चा पठाउन प्रेरित गर्दैछ।



हैरानी यसकारण, विद्यार्थी थप्न अहिले भइरहेको भौतिक संरचनाले पुग्दैन। अहिले भएको शिक्षक दरबन्दीले थपिएका विद्यार्थी पढाउन सहज हुनेछैन। त्यसैले, प्रधानाध्यापक मण्डल भर्ना सम्बन्धी रणनीति नै पुनर्विचार गर्ने विन्दुमा आइपुगेका छन्। कक्षा १२ सम्म ६ हजार १७५ विद्यार्थी पढिरहेको जनता नमुना माविमा पोहोरको सत्रमा नयाँ भर्ना लिने विद्यार्थीको संख्या १७ सय थियो। त्यसभन्दा अघिल्लो वर्ष १३ सय थिए। देहातको स्कुल भए पनि यो अनुशासन र गुणस्तरीय सिकाइका लागि कतिसम्म लोकप्रिय हुनगयो भने, छरछिमेकका पालिकाबाट समेत यहीं विद्यार्थी झुत्तिन थाले। यही उल्लासले ल्याएको संकट यतिबेला भर्नामा देखिइरहेको छ, कसलाई राख्ने, कसलाई हटाउने भनेर ! यस्तैमा आएको हो, कोटाको उपाय, जस अनुसार चरणबद्ध प्रवेश परीक्षा लिने अनि निश्चित विद्यार्थीलाई मौका दिने।

'विगतमा झैं खुला भर्ना लिन अब सम्भव छैन। विगत हेरेर अनुमान गर्दा यसपटक दुई हजारसम्म विद्यार्थी भर्ना हुन आउँछन्' प्रअ मण्डल भन्छन्, 'अब हामी कोटा निर्धारण गरी सीमित विद्यार्थी भर्ना गर्ने तयारी गर्दैछौं। बरु हामीसँग भएकै सीमित विद्यार्थीलाई नै गुणस्तरीय शिक्षामा जोड दिने सोचमा छौं।' अहिले यो जनता नमुना माविमा विदेह नगरपालिकाबाट पढ्ने विद्यार्थी मात्र छैनन्। धनुषाकै शहीद नगरपालिका, औरही गाउँपालिका, कमला नगरपालिका, जनकनन्दनी गाउँपालिका, सबैला र जनकपुरधाम उपमहानगरपालिकासम्मका विद्यार्थी विद्यालयमा अध्ययन गरिरहेका छन्।

'हाम्रो विद्यालयमा शिक्षकले राम्रो पढाउँछन्। विद्यालयमा अनुशासन छ। पठनपाठन गुणस्तरीय छ भन्ने सन्देश प्रवाह भएपछि छिमेकी पालिका मात्रै होइन, सिरहा र महोत्तरीबाट समेत वर्षेनि विद्यार्थीको चाप बढ्दो छ' मण्डल भन्छन्, 'तर हालको भौतिक र जनशक्ति संरचनाले त्यो चाप धान्न सक्दैन। अब छिमेक पालिकाका स्कुलहरू पनि गुणस्तरीय होस्। हाम्रो क्षमताले भ्याउने मात्र हामी गर्न सक्छौं।' हालै मात्र विद्यालयबाट ४३३ जना विद्यार्थीले एसईई परीक्षा दिएका छन्। कक्षा ९ सम्म एउटा सेक्सनमा अंग्रेजी माध्यममा पठनपाठन हुने गरेको छ। मधेश प्रदेशमै सबभन्दा बढी विद्यार्थी संख्या भएको सामुदायिक विद्यालय हो यो।

विद्यार्थी चापको कारण कक्षा १ देखि १० सम्म छुट्टाछुट्टै सेक्सनमा पठनपाठन हुँदै आएको छ। कक्षा १ देखि ५ सम्म तीन सेक्सन, कक्षा ६ मा पाँच, कक्षा ७ मा छ, कक्षा ८ मा सात र कक्षा ९ मा आठ वटा सेक्सन सञ्चालनमा छन्। 'प्रत्येक सेक्सनमा ८०, ८५, ९० देखि १०० जनासम्म विद्यार्थी रहेका छन्', प्रअ मण्डल भन्छन्। जनता नमुना माविमा हाल ८५ जना शिक्षक कार्यरत छन्। तीमध्ये १५ जना स्थायी दरबन्दीमा छन्। प्राथमिक तहमा ७, निम्नमाध्यमिक र माध्यमिक तहमा ४–४ जना। बाँकी शिक्षकहरू करार, नमुना अनुदान, नगर शिक्षक तथा निजी स्रोतबाट व्यवस्थापन गरिएको हो। निजी स्रोतबाट मात्र २४ जना शिक्षक परिचालित छन्।

विद्यालयको बजार र केही पोखरीको वार्षिक आम्दानी मात्र ५ लाख छ। पठनपाठन पूर्णतः निःशुल्क छ। विद्यालय उत्कृष्ट हुँदै गएपछि पछिल्लो चार वर्षदेखि नगरपालिका कार्यालयले सहयोग गर्न थालेको छ। 'मेयरले भन्नुभएको छ– निःशुल्क गर्नुस्। हामी सहयोग गर्छौं। चार वर्षदेखि भौतिक संरचना र जनशक्तिमा नगरपालिकाको निरन्तर सहयोग छ', प्रअ मण्डल भन्छन्। २००८ सालमा प्राथमिक तहका रूपमा खुलेको यो स्कुल २०२९ मा निम्नमाध्यमिक र २०४९ मा माध्यमिक तहमा उक्लियो। २०६८ देखि प्लस टु कक्षा सञ्चालनमा आएको विद्यालयमा २०७० सालदेखि प्राविधिक धार अन्तर्गत पशु विज्ञान विषय पढाइ हुँदै आएको छ। शिक्षणको गुणस्तर वृद्धिसँगै यो विद्यालय २०७४ सालमा 'नमुना विद्यालय' बन्न सफल भएको हो। स्कुलको यो सफलताको कथासँग २०६८ देखि अविच्छिन्न जोडिएका छन् हेडसर मण्डल। उनी त्यसै सालको भदौ १८ मा प्रअ बने, त्यसपछि सिकाइ प्रणालीदेखि समग्र वातावरण नै फेरियो।

सबै पिरियडको पढाइ कसरी चल्दैछ, शिक्षक कत्तिको सक्रिय छन्, विद्यार्थीको सिक्ने उत्सुकता र डेलिभरी कस्तो छ भन्नेमा उनले मसिनो गरी केलाउन थाले। त्यतिले नपुगेर विद्यालयमा पठनपाठन प्रभावकारी र गुणस्तरीय बनाउन विभिन्न समिति, अनि ती अन्तर्गत ४० उपसमिति बनाए। तिनको नियमित बैठक, नियमित निरीक्षण र मूल्यांकन चलिरह्यो। यी सबैबाट थाहा हुन्छ, स्कुल सुधार्ने भनेको एक दिनको वा एक झ्वाँकको परिणाम मात्रै होइन। त्यसका लागि हरदिन अहोरात्र खट्नुपर्छ, खटिरहनुपर्छ। हेडसर मण्डलले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति, विद्यालय अनुशासन समितिलाई सक्रिय र चलायमान गराएका छन्। आन्तरिक अनुगमन समिति, प्रार्थना समिति, घण्टी समिति, काउन्सिलिङ समिति, फोन इन समिति लगायत ४० वटा उपसमिति छन्। यी समितिहरूबीच बेलाबेला संवाद हुन्छ। आ–आफ्नो जिम्मेवारी निर्वाह गर्छन्।

अनुशासन समितिले विद्यार्थीको अनुशासनको पाटो हेर्छ। अनुशासन समितिका अध्यक्ष लालबाबु यादवका अनुसार विद्यार्थी समयमा आए/नआएको, गलत गरे सम्झाउने, अभिभावकलाई बोलाउने र विद्यार्थीलाई राखेर सम्झाउने लगायतको काम गर्छ। 'हामी प्रार्थना घण्टीदेखि विद्यालय समयसम्मको अवधिमा हुने अनुशासनमा ध्यान दिन्छौं। अब त विद्यार्थीहरू अनुशासनमा बस्ने गरी अभ्यस्त भइसकेका छन्। कुनै त्यस्तो गरेमा सम्झाउने–बुझाउने काम गरिन्छ', अध्यक्ष यादव भन्छन्। विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन आन्तरिक अनुगमन समितिले काम गर्छ। बाह्य निरीक्षण टोली आए/नआएको पनि प्रअ मण्डल ४–५ पटक आफैं कक्षा अनुगमन गर्ने गर्छन्। त्यसमा आन्तरिक अनुगमन समितिको पनि सक्रियता रहन्छ। विद्यालयका सबै कक्षामा सीसीटीभी क्यामेरा जडान गरिएको छ। यसका अलावा कन्ट्रोल रुमबाट पनि निगरानी गर्ने

–बाँकी तीन पेजमा

# लक्ष्मीपुर पतारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**महेशपुर पतारी, सिरहा**

**मधेश प्रदेश नेपाल**

## अतिआवश्यक औषधी खरिदको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सुचना

**सूचना न- LPRM/GOODS/NCB/01/2081/82**

**प्रथम पटक प्रकाशित मितिः-२०८२/०१/२२**

यस पालिकाको चालु आ.व.२०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत यस गाउँपालिका लाई आवश्यक पर्ने औषधीहरु खरिद गर्नका लागि योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. सिलवन्दी दरभाउपत्रको सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु.१०००।- (फिर्ता नहुने गरी) यस गाउँपालिकाको राजश्व शाखामा वा यस गाउँपालिकाको श्री कुमारी वैंक ली.,लक्ष्मीपुर पतारी शाखाको आन्तरिक राजश्व खाता नं ७ग१-१-२६५०२४८३५५३००००८ मा जम्मा गरेको सक्कल रसिद/ भौचर औषधी विक्री वितरण तथा सप्लाई गर्न पाउने गरि नविकरण भएको इजाजत प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाण पत्र तथा आ. व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी निवेदन साथ संलग्न राखि यस कार्यालय बाट खरिद गर्न सकिने छ।

२. खरिद गरेको दरभाउपत्र रितपुर्वक भरि प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० वजे भित्र प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित स्वः घोषणा गरेको पत्र साथै पेशा वा व्यवसायी इजाजत पत्र सम्वन्धी अधिकार पत्र लगायतका कागजातहरु संलग्न राखि यस गाउँपालिकामा दर्ता गराई सक्नु पर्नेछ। यसरी दाखिला भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधीको रोहवरमा खोलिनेछ। सो समयमा प्रतिनिधी उपस्थित नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्र जमानत वापत दरभाउपत्र दाताले लक्ष्मीपुर पतारी स्थित श्री कुमारी वैंक ली.मा यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर ९ ग ३-२६५०२४८३५५३००००३ मा रु.५७०००/- (सन्ताउन्न हजार मात्र) जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र खोल्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको नेपाल सरकार बाट क्ञ बर्गको मान्यता प्राप्त वैंकले यस कार्यालयको नाममा जारी गरेको वैक जमानीपत्र (विड वण्ड) को सक्कल दरभाउपत्र साथ संलग्न गर्नु पर्ने छ।

४. दरभाउपत्र दाताले दरभाउपत्रका साथ आफुले सप्लाइ गर्ने औषधीहरुको औषधी व्यवस्था विभागवाट जारी भएको उत्पादन अनुज्ञाप्रमाण पत्र, विदेशी औषधीको हकमा इजाजत प्रमाण पत्र, WHO, GMP मान्यता पाएको प्रमाण पत्र तथा बजार विक्री वितरण अनुमति पत्र समेत पेश गर्नु पर्नेछ। साथै आफुले सप्लाइ गर्ने औषधीको कम्पनीको नाम समेत उल्लेख गर्नु पर्ने छ।

५. खरिद हुने सामानहरुको म्याद कम्तीमा १८ महिना वा Expiry date कम्तीमा ७५% बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ। सो भन्दा घटी म्याद भएका सामानहरु सडेगलेका, टुटफुट भएका, म्याद नाघेका, कमसल आदी सामानहरु कुनै हालतमा पनि कार्यालयले बुझिलिने छैन।

६. सप्लाई भएका औषधीहरुमा **"निःशुल्क वितरणको लागि"** भन्ने छाप अनिवार्य लागेको हुनपर्ने छ।

७. सिलवन्दी दरभाउपत्र दाताले दररेट भर्दा मु.अ.कर लाग्ने आइटममा मु.अ.कर बाहेकको दररेट उल्लेख गर्नुपर्ने छ। दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। यो सूचनामा उल्लेखित कागजात संलग्न नभएको, म्याद नाघीआएको, रित नपुगेको, सही छाप नभएको, केरमेट भै अंक र अक्षर नबुझिएको दरभाउपत्र उपर वा कुनै शर्त राखेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

९. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१०. दरभाउपत्र सम्वन्धी केही कुरा थपघट संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरि जानकरी गराइने छ।

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्रको जमानत रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| LPRM/GOODS/NCB/01/2081/82 | अति आवश्यक औषधीहरु सप्लाई कार्य | रु. ५७०००/- | रु.१०००/- | २०८२/०२/०५ | २०८२/०२/०६ दिनको १२:०० बजे भित्र |

**प्रमुख प्रशासकीय अधिकृत**

# मनीष झाले रोपेको 'स्वार्थको द्वन्द्व'को बीउले लेखा समितिमा लफडा

काठमाडौँ, २१ बैशाख। रास्वपा सांसद मनीष झाले करिब डेढ महिनाअघि उठाएको 'स्वार्थको द्वन्द्व'को विषयले सार्वजनिक लेखा समितिमा लफडा मच्चिएको छ। आइबार बसेको समितिको बैठकमा पोखरा र भैरहवा विमानस्थल सम्बन्धी छलफलका क्रममा यस्तो अवस्था सिर्जना भएको हो। यो लफडाले समितिअन्तर्गत पोखरा विमानस्थलमा भएको भ्रष्टाचारको सम्बन्धमा छानबिन उपसमितिको प्रतिवेदनमाथि प्रश्न मात्रै उठेको छैन, भैरहवाको प्रतिवेदन समेत अन्योलग्रस्त बनेको छ। समिति बैठकमा सभापति ऋषिकेश पोखरेलको राजीनामा मागसमेत गरिएको थियो।

आइतबारको बैठकमा समितिको २३ औं प्रतिवेदनको मस्यौदा र पोखरा विमानस्थल स्थलगत अध्ययन उपसमितिको प्रतिवेदन छलफल गर्ने कार्यसूची थियो। छलफलको सुरुमै पोखरा विमानस्थलसम्बन्धी प्रतिवेदनको विषय उठ्यो। राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन संयोजक रहेको उक्त समितिले केही दिनअघि सभापति पोखरेललाई हस्तान्तरण गरेको थियो। उक्त प्रतिवेदन आइतबार नै समितिका सदस्यहरूलाई अध्ययनका लागि वितरण गरिएको छ। प्रतिवेदन वितरण सकिएसँगै उपसमितिमा रहेका केही सांसदले प्रतिवेदनबारे आजै छलफल गर्न जोड दिएका थिए। खासगरी सांसद प्रेम आलेले तत्कालै छलफल थाल्नुपर्ने बताएका थिए। तर, उपसमितिमा नरहेका समितिका सदस्यहरूले अध्ययन गर्न नपाएको भन्दै अर्को दिन छलफल गर्ने बताएपछि आलेले दिन तोक्नुपर्ने माग गर्न थाले। सभापति पोखरेलले संसद बैठक नभएको कुनै पनि समयमा बस्ने भन्दै समय तोक्न नमानेपछि केहीबेर लफडा भयो।

त्यसपछि बैठक भैरहवा विमानस्थलको विषयमा प्रवेश गर्‍यो। गत चैत ७ गते बसेको लेखा समितिको बैठकमा समितिका सदस्यसमेत रहेका रास्वपा सांसद झाले भैरहवा विमानस्थलमा योगेश भट्टराई संयोजक हुँदा स्वार्थको द्वन्द्व हुनसक्ने भन्दै प्रश्न उठाएका थिए। त्यसको भोलिपल्ट बसेको बैठकमा उपसमिति संयोजक भट्टराईले समितिमा नबस्ने भन्दै राजीनामा घोषणा गरेका थिए। सोही दिन उनले पोखरा विमानस्थलको छानविन उपसमितिको सदस्य रहेका प्रेम आलेलाई पनि राजीनामा दिन सुझाव दिएका थिए। आफू पूर्वमन्त्री हुँदा प्रश्व उठेको अवस्थामा राजीनामा दिएको भन्दै योगेशले आलेलाई भनेका थिए, 'म भैरहवाबाट हट्छु, तपाईं पोखराबाट हट्नुहोस्।' त्यतिवेला आले त्यहाँबाट हट्न राजीसमेत भएका थिए।

घोषणाअनुसार योगेशले उपसमितिको संयोजकको हैसियतमा काम गर्न छाडे। त्यसपछि उपसमितिको काम अघि बढेको छैन। तर, आलेले भने घोषणाविपरीत पोखरा विमानस्थलको छानबिन उपसमितिमा उपस्थितिलाई निरन्तरता दिए। उपसमितिले बुझाएको प्रतिवेदनमा आलेको पनि हस्ताक्षर छ। बरु उपसमितिमा रहेका एमालेका दुई सांसदहरू गोकुल बाँस्कोटा र तारा लामा तामाङले उक्त प्रतिवेदनमा हस्ताक्षर गरेका छैनन्। बैठकमा समिति सभापति पोखरेलले योगेशले राजीनामा दिएको र बैठक बस्न नमानेको भन्दै बाँकी कामको संयोजन गर्न एमालेकै अर्का सांसद अच्युत मैनालीको नाम प्रस्ताव गरेपछि सांसदद्वय आले र झाले फेरि विरोध गरे। झाले योगेशको ठाउँमा एमालेकै अर्को सांसदलाई संयोजक बनाउनु हुँदैन भन्दै कुरा

**-बाँकी अन्तिम पेजमा**

## धनुषाको देहाती ...

गरिन्छ। 'म कन्ट्रोल रुमबाट पनि सीसीटीभी वाच गर्छु। कुनै शिक्षकले लापरबाही गरे, लिजर घण्टी भयो भने तुरुन्तै फोन गर्छु। कर्मचारी पठाएर खबर गराउँछु' उनी भन्छन्, 'त्यसको सकारात्मक असर देखिएर विद्यार्थी संख्या निरन्तर बढिरहेको छ।'

विद्यार्थी विद्यालय नआएको अवस्थामा समेत चासो र सक्रियता रहन्छ। त्यसका लागि परामर्श समिति र फोन इन समिति बनाइएको छ। विद्यालयप्रति अभिभावकको पनि चासो रहन्छ। 'पठनपाठनको बारेमा नियमित निरीक्षण गर्ने, कमि-कमजोरीका बारे प्रअ लगायत समितिहरूलाई जानकारी गराउने र संवाद गरेर समाधान गराउने हाम्रो भूमिका रहन्छ', शिक्षक अभिभावक संघका अध्यक्ष उतिमलाल मण्डल भन्छन्। विद्यालयमा कक्षा १ देखि १२ सम्मको पढाइ पूर्णतः निःशुल्क हुन्छ। विद्यालयको छात्रावासमा १५० जना विद्यार्थी आवासीय छन्। कक्षा ५ सम्मका विद्यार्थीलाई सरकारबाट दिइने दिवा खाजाको रकम नै वितरण गरिन्छ। विद्यालयभित्रै रहेको क्यान्टिनमा उनीहरूलाई खाजा खाने सुविधा पनि उपलब्ध छ।

विद्यालयमा १० वर्ष अघि र पछिमा धेरै परिवर्तन आएको पूर्वविद्यार्थी रेणु पण्डित बताउँछिन्। '१० वर्षअघि र अहिलेमा धेरै फरक छ। राम्रो पठनपाठन भइरहेको विद्यार्थीबाट सुन्छु। धेरै विद्यार्थीको चाप पनि छ', उनी भन्छिन्। विद्यालय गुणस्तरीय बनाउन विद्यालय व्यवस्थापन समिति पनि उत्तिकै सक्रिय छ। व्यवस्थापन समिति अध्यक्ष राधेश्याम गोइत विद्यालयको समस्याबारे नियमित निगरानी, संवाद र समन्वय गरेर नमुना बनेको बताउँछन्। 'मेरा ५ जना बच्चा यसैमा पढ्छन्। हामी निगरानी गर्छौं। विभिन्न समिति, उपसमितिले आफ्नो काम गर्छ। कुनै समस्या छ भने संवाद र समन्वय गरेर तुरुन्त समाधान गर्नेतर्फ लाग्छौं' उनी भन्छन्, 'त्यसकारण आज विद्यालय सबैको विश्वास जित्न सफल भएको छ।'

**प्रार्थनादेखि परिश्रमसम्म**

सबैजसो स्कुलमा नियम हुन्छन्, तर त्यसको कार्यान्वयन एकैनाशले हुन सक्दैन। यो स्कुलमा भने यस्तो हुँदैन। विद्यालयमा समय पालन, नैतिक शिक्षा र गुणस्तरीय पठनपाठनलाई प्रभावकारी बनाउन कडा र सुव्यवस्थित नियमहरू कार्यान्वयनमा ल्याइएको छ। प्रअ मण्डलका अनुसार विद्यालयमा पठनपाठनको सुरुआत बिहान ९:५० बजे प्रार्थना घन्टीबाट हुन्छ। शिक्षक तथा विद्यार्थीले अनिवार्य रूपमा ९:४५ भित्र विद्यालयमा उपस्थित भइसक्नुपर्ने नियम छ। १०:५ बजेभित्र आइपुगेमा पनि उपस्थित मानिन्छ। तर १०:५ पछि आए शिक्षकको हाजिरी नलाग्ने र तलबमा कट्टी हुने व्यवस्था गरिएको छ। आकस्मिक समस्या भए जानकारी गराए छुट पाइने प्रावधान पनि रहेको प्रअ मण्डलको भनाइ छ।

प्रार्थना सभामा १० बजे लाउडस्पिकर मार्फत पीटी (शारीरिक व्यायाम) शुरू हुन्छ। त्यसपछि राष्ट्रगान, गायत्री मन्त्र र सरस्वती वन्दना सहितको आध्यात्मिक माहोलमा दिनको सुरुआत हुन्छ। प्रत्येक दिन दुई शिक्षक र दुई विद्यार्थीले छोटो मोटिभेसनल स्पिच प्रस्तुत गर्छन्। यसपछि विद्यालयले दिनभरका आचारसंहिता सम्बन्धी सूचना प्रवाह गर्छ। ४० मिनेटभित्र यी सम्पूर्ण प्रक्रिया सकिएपछि १०:३० मा पठनपाठन शुरू हुन्छ। पठनपाठनसँगै आन्तरिक अनुगमन समिति, विद्यालय व्यवस्थापन समिति र अन्य समिति दैनिक रूपमा निगरानीमा खटिन्छन्। कुनै विद्यार्थी जानकारी विना अनुपस्थित भएमा तुरुन्तै अभिभावकलाई फोन गरिन्छ। यस कार्यका लागि शिक्षकलाई मासिक मोबाइल रिचार्ज समेत उपलब्ध गराउने गरिएको प्रअ मण्डल बताउँछन्।

विद्यार्थी विद्यालयबाट नभागुन् भन्ने उद्देश्यले दुईपटक हाजिरी लिने गरिएको छ। अनुपस्थित विद्यार्थीबारे तुरुन्तै अभिभावकलाई खबर गरिन्छ। विद्यालयले नेतृत्व विकासका लागि शिक्षकहरूमाझ हप्ते रूपमा प्रअ नियुक्त गर्छ। प्रत्येक तह (प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक) का लागि पालो-पालो शिक्षकहरूलाई प्रअको जिम्मेवारी दिइन्छ। एक हप्तापछि उनीहरूको प्रगति विवरण लिइन्छ र उत्कृष्ट कार्य गर्ने शिक्षकलाई प्रार्थना सभामै दोसल्ला, डायरी र कहिलेकाहीं नगद पुरस्कारले सम्मान गर्ने गरिएको प्रअ मण्डल बताउँछन्।

विद्यालयले संस्कारयुक्त शिक्षामा विशेष जोड दिएको छ। दैनिक प्रार्थनामा किताबी ज्ञान बाहेक विद्यार्थीलाई आमाबुबाप्रति सम्मान, घरमा कुरा गर्ने बानी जस्ता नैतिक विषयमा प्रेरित गरिन्छ। 'यहाँ पढेर गएका विद्यार्थी ज्ञान-सीपसँगै सांस्कारिक, व्यावहारिक होस् भन्ने हाम्रो चाहना हो', प्रअ मण्डल भन्छन्। नयाँ शिक्षण सिकाइबारे थाहा भए वर्षमा कम्तीमा दुईपटक विज्ञलाई बोलाएर शिक्षकलाई तालिम समेत प्रदान गर्ने गरिएको प्रअ मण्डलको भनाइ छ।

शुक्रबार अतिरिक्त क्रियाकलापको दिन हो। विद्यार्थीको रुचिअनुसार गीत-संगीत, विज्ञान, प्रविधि, नृत्य, खेलकुद, चित्रकला लगायत क्रियाकलापका लागि छुट्टाछुट्टै कक्षाको व्यवस्था गरिएको छ। यसमा पनि उत्कृष्ट गर्नेहरूलाई पुरस्कारको व्यवस्था छ। स्थानीय जगदीश पण्डित विद्यालयमा पठनपाठन गुणस्तरीय, अनुशासित भएकाले छेउछाउका पालिका र सामुदायिक विद्यालयका विद्यार्थी यहाँ पढ्न आएको बताउँछन्। 'आज मधेशमै उत्कृष्ट विद्यालय बनेको छ। ६ हजार विद्यार्थी एउटा सामुदायिक विद्यालयमा पढाउनु सामान्य कुरा होइनन्न विद्यालयप्रतिको आम मानिसको भरोसा बढ्नु हो', उनी भन्छन्।

शिक्षक र विद्यार्थी बीचको आत्मीय सम्बन्ध, नियमित अनुगमन र संस्कारयुक्त शैक्षिक वातावरणका कारण विद्यालय अनुशासन, गुणस्तर र मूल्यमा उदाहरणीय बन्दै गएको छ।

# श्रीमतीदेखि मामाससुराका नाममा २ करोड ऋण निकालेर फरार सहकारीका पूर्वअध्यक्ष पक्राउ

झापा, २१ बैशाख। सहकारी संस्थाको बचत अपचलन गरेको आरोपमा बिर्तामोडमा रहेको पातालग्गा बचत तथा ऋण सहकारी संस्थाका पूर्वअध्यक्ष रेवती खनाल पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायब उपरीक्षक बिजय श्रेष्ठले खनाललाई धनगढीबाट पक्राउ गरेर झापा ल्याइएको जानकारी दिए। खनाललाई जिल्ला अदालत झापामा उपस्थित गराइने उनको भनाइ छ। खनालले विसं २०७८ भदौ २३ गते आफू, श्रीमती, भाइ, बहिनी र मामाससुराका नाममा २ करोड ६ लाख ८ हजार ३ सय ८३ रुपैयाँ ऋण निकालेर फरार भएका थिए। विसं २०७८ कात्तिक १६ गते संस्थाका उपाध्यक्ष टकप्रसाद भेटवालले खनालविरुद्ध इलाका प्रहरी कार्यालय अनारमनीमा जाहेरी दिएको थियो।

पातालग्गा सहकारीमा १ हजार ५ सय जनाभन्दा धेरै सदस्य छन्। सदस्यको बचत हिनामिना गरेर खनाल फरार भएपछि त्यसपछि अध्यक्ष चयन हुनुभएका युवराज गिरीले निजी घरजग्गा बैंकमा धितो राखेर निकालेको पैसाले बचतकर्ताको रकम फिर्ता भइरहेको बताए। झापा जिल्ला अदालतबाट विसं २०७९ मङ्सिर १४ गते यस मुद्दाका ५ जना आरोपीका नाममा हाजिर हुन आउने म्याद जारी भएको थियो। खनालकी बहिनी बिर्तामोड नगरपालिका–२ निवासी गोमा खनाल भण्डारी र मामाससुरा भद्रपुर नगरपालिका–८ निवासी अनन्तजीवन लुइँटेल पक्राउ परेका थिए। अदालतको आदेश बमोजिम १ लाख ५० हजार धरौटीमा गोमा खनाल भण्डारी र ७५ हजार रुपैयाँ धरौटीमा अनन्तजीवन लुइँटेल तारेखमा छुटेका थिए। अहिले खनालकी श्रीमती कमलादेवी भट्टराई र भाइ सीताराम खनालको खोजी भइरहेको प्रहरीले जनाएको छ।

झापामा सहकारीको बचत अपचलन गरेको अभियोगमा पक्राउ परेका अन्य सहकारीका सञ्चालक तथा कर्मचारीविरुद्ध पनि प्रहरीले अनुसन्धान गरिरहेको छ। बिर्तामोडमा प्रधान कार्यालय रहेको हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाको शिवगञ्जमा रहेको सेवा केन्द्रका प्रमुख जीवन भुजेललाई ३ करोड ३५ लाख ४ सय रुपैयाँ हिनामिना गरेको अभियोगमा गएको चैतमा प्रहरीले पक्राउ गरेको थियो। भुजेलविरुद्ध सम्बन्धित सहकारीले नै प्रहरीमा जाहेरी दिएको थियो। यसैगरी शिवसताक्षी नगरपालिका–३ मा रहेको उन्नति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुमन खनाल र व्यवस्थापक मित्रलाल भट्टराई सहकारीको बचत अपचलन गरेको अभियोगमा गएको कात्तिकमा पक्राउ परेका थिए।

अध्यक्ष खनाल र व्यवस्थापक भट्टराईले मिलेमतोमा सहकारीमा सर्वसाधारणले राखेको बचत १ रु एक करोड ३९ लाख ७ सय ७० रुपैयाँ हिनामिना गरेको भनी प्रहरीमा जाहेरी परेको थियो। अहिले यो मुद्दा झापा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

# मधेशका वनमन्त्रीको राजीनामा माग्दै वनजंगल संरक्षण अभियानले बुझायो ज्ञापनपत्र



जनकपुर, २१ बैशाख। चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले वनमन्त्रीको राजीनामा माग्दै मधेश सरकारलाई ज्ञापनपत्र बुझाएको छ। अभियानका संयोजक सुनिल यादवले वनमन्त्री त्रिभुवन साहको राजीनामा सहितको तीन सूत्रीय माग गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिव राजन नेपाल मार्फत सरकारलाई ज्ञानपत्र बुझाएका हुन्। चुरे संरक्षणमा असफल भएका वनमन्त्री त्रिभुवन साहको राजीनामा र सचिव उद्धव घिमिरेको प्रदेशबाट बिदाइ गर्नुपर्ने, तस्करसँग मिलेमतोमा वन फडानी गरिरहेको भन्दै रौतहटका डिभिजन प्रमुख हेमन्त साहलाई तत्काल प्रदेशमा झिकाइ हालसम्मका कार्यहरूको स्पष्टीकरण माग गर्न र गैंडाटारको वन फडानीको विषयमा उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने माग अभियानको छ।

यस्तै चुरे क्षेत्र, खोला, नदी, नालामा भइरहेको अवैध उत्खनन, वन फडानी, चोरी निकासी तथा अतिक्रमण तत्काल रोक्न कडाइका साथ कार्यान्वयन गर्न अभियानले माग गरेको छ। अभियानका संयोजक यादवले रौतहट डिभिजन वन कार्यालयका प्रमुख हेमन्त साहसहित केही वन कर्मचारी र तस्करबीचको मिलेमतोमा चुरे क्षेत्रको अवैध दोहन भइरहेको आरोप समेत लगाएका छन्। मागहरू कार्यान्वयन नभए आन्दोलन थाल्ने अभियानले जनाएको छ।

### *अबको प्राथमिकता...*

नै रहेको छ। यसको लागि मधेश प्रदेशको आठवटै जिल्लाका विद्यालयहरूको अनुगमन कसरी गर्ने यसबारे गृहकार्यमा लागेका छौं।“

एसइइ परीक्षामा यसपटक सुधार भएको छ। बालविकास कक्षादेखि कक्षा आठसम्मको परीक्षा लिइरहेको स्थानीय तह समेत जिम्मेबार हुनुपर्ने मुख्यमन्त्री सिंहले भन्दै तीनै तहको सरकारले शिक्षा सुधारमा आवश्यक पाइला चाल्न सहकार्य गरेर जाने अभ्यास मधेश प्रदेशबाटै किन सुरु नगर्ने उनले जोड दिए। मधेश प्रदेशको नमुना क्याम्पस बन्न उन्मुख रहेको जेएस मुरारका बहुमुखी क्याम्पसमा अहिले सञ्चालनमा ल्याएको जेएस मुरारका क्लेजको स्थापना भएर बिबिए र बिसिए विषयको पढाइ सुरु गरेर यस भेगका विद्यार्थीलाई बाहिर जान नपर्ने भएकोले यस कलेजको प्रगतिका लागि प्रदेश सरकारबाट आवश्यक सहयोग भइरहने मुख्यमन्त्री सिंहले विश्वास व्यक्त गरे।

कार्यक्रममा सङ्घीय प्रतिनिधिभा सदस्य गंगा प्रसाद यादवले जेएस मुरारका बहुमुखी क्याम्पसमै सञ्चालनमा आएको जेएस मुरारका कलेज स्थापनाले आवश्यक पर्ने भवन र जनशक्ति पूर्तिको तीनै तहको सरकारको प्रतिनिधि र राजनीतिक दलहरूको बिचमा सहमति सहकार्य आवश्यक भएको बताए। यस क्याम्पसको स्थापनाकालदेखि हालसम्म दाता मुरारका परिवारबाट र लहान नगरपालिकाबाट भइरहेको सहयोगको उनले सराहना गरे। कलेजका अध्यक्ष तथा लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले आफू लहान नगरपालिका प्रमुख महेश प्रसाद चौधरीले आफू लहान नगरपालिका प्रमुखमा निर्वाचित भएपछि सामुदायिक विद्यालय र लहानमा रहेको यस सामुदायिक क्याम्पस र कलेजको विकासका लागि उत्साहहित भएर काम गरिरहेको धारणा व्यक्त गरे। उनले भने, “यस क्याम्पस र कलेजको शैक्षिक अवस्था राम्रो रहेकोले नै युसिजी कार्यक्रम अन्तर्गत गुणस्तरीय चिन्ह प्रत्ययन प्राप्त गरेको छ। मधेश प्रदेशको नमुना क्याम्पस बनाइ छाडने हाम्रो साझा उद्देश्य छ।“ कार्यक्रममा प्रदेशसभा सदस्यहरू क्रमशः राजेन्द्र प्रसाद चौधरी र ललिता दास, सिराहा जिल्ला समन्वय समतिका प्रमुख सदनेश महतो दाता परिवारका तर्फबाट मनार्थ अध्यक्ष मुरारीलाल मुरारकाले पनि शुभकामना दिएको थियो।

### *होटेल सञ्चालक...*

कार्यालय, सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्मबाट खटिएको संयुक्त टोलीले पसलमा खानतलासी गर्दा खाली बियरको कार्टुनपछाडि लुकाएको अवस्थामा ब्राउनसुगर बरामद गरिएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए। उनका अनुसार ब्राउनसुगरसहित पक्राउ गरिएका यादवलाई आइतबारदेखि लागू हुने गरी सिराहा जिल्ला अदालतबाट ६ दिनको म्याद लिएर अनुसन्धान भइरहेको छ।

# मेडिकलबाट ठुलो परिमाणमा लागुऔषध बरामद, सञ्चालक पक्राउ

**सञ्जय मिश्रा**

रौतहट, २१ बैशाख। रौतहटको चन्द्रपुर नगरपालिका १० चेतनगरस्थित एक मेडिकलबाट प्रहरीले ठुलो परिमाणमा लागुऔषध बरामद गरी सञ्चालकलाई पक्राउ गरेको छापक्राउ पर्नेमा मौलापुर नगरपालिका–४ का २९ वर्षीय जितेन्द्र साह रहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख डीएसपी राजकुमार राईले बताएका छन्। आरोपी साहले विना दर्ता पछिल्लो केही महिनादेखि चेतनगरमा फार्मेसी खोलेर लागुऔषधको कारोबार गर्दै आएका थिए। साहले औषधि व्यवसायको नाममा लुकिछिपी लागुऔषधको कारोबार गर्दै आएको सूचनाको आधारमा प्रहरीले रेकी गर्दै आएको र आज छापा मारको डीएसपी राईले बताएका छन्।

आइतबार इलाका प्रहरी कार्यालय चन्दरनिगाहपुरबाट सादा पोसाकमा खटिएको प्रहरी टोलीले छापा मारेको हो। प्रहरीले उक्त मेडिकलबाट प्रतिबन्धित लागुऔषध ट्रामाडोलका ४ हजार ५ सय क्याप्सुल बरामद गरेको छ। आरोपी साहले भारतीय बजारबाट लुकिछिपी प्रतिबन्धित लागुऔषध ल्याएर मेडिकलमा भण्डारण गरेर राख्ने गरेका थिए। उनले यसलाई राजधानी काठमाडौंसम्म पुऱ्याउने गरेको अनुसन्धानबाट खुलेको डीएसपी राईले जानकारी दिएका छन्। आरोपी साहमाथि लागुऔषध सम्बन्धी मुद्दा दायर गरी थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।






### *मनीष झाले...*

उठाएका थिए।

मैनालीलाई संयोजक स्वीकार नगर्ने भनिएपछि योगेशले पोखरा विमानस्थलसम्बन्धी प्रतिवेदनबारे प्रश्न उठाए। उनले पोखरा विमानस्थलमा स्वार्थ बाझिने व्यक्ति भएको भन्दै भैरहवामा आफूलाई भनिएजस्तै पोखराको छानबिन उपसमितिमा आले बसेर ‘स्वार्थ बाझिएको’ भन्दै उनलाई राजीनामा दिन सुझाव दिए। जवाफमा आलेले भने, ‘मैले राजीनामा दिएँ, यसै पनि उपसमितिले प्रतिवेदन नै बुझाइसक्यो।’ उनको भनाइपछि बैठकमा हाँसोको फोहोरा छुटेको थियो। त्यसअघि नै बोल्ने सांसदहरूले समितिको प्रभावकारिताबारे प्रश्न उठाएका थिए। सांसद राजन दाहालले समिति बैठकले सिमेन्ट र डन्डीको भाउ घटाउन निर्देशन दिए पनि कार्यान्वयन नभएको भन्दै प्रश्न उठाए। सांसद अमरेश कुमार सिंहले सार्वजनिक लेखा समितिले गरेको कुनै पनि निर्णय कार्यान्वयन नभएको भन्दै समिति सरकारको छाया भएको बताए।

‘हामीले ट्रंक र डेडिकेटेड लाइनको महसुल उठाउन भन्यौं, कार्यान्वयन भएन। एनसेलको विषयमा निर्देशन दियौं, कार्यान्वयन भएन, सिमेन्ट र डन्डीको भाउ घटाउने निर्णय कार्यान्वयन भएन। यो समिति सरकारको छाया बन्यो,’ सांसद सिंहले भने। समितिमाथि आलोचना भइरहेको समयमा पोखरा विमानस्थलसम्बन्धी उपसमितिको प्रतिवेदनमा प्रश्न उठेपछि माओवादीका सांसद अमनलाल मोदीले समिति सभापतिकै राजीनामा मागेका थिए। ‘उनले अहिले भएका सबै समस्या सभापति सत्तापक्षबाट भएकोले हो,’ मोदीले सभापति पोखरेललाई भने, ‘तपाईं राजीनामा दिनुहोस्।’ यसबारे पोखरेलले केही बोलेनन्। बरु उनले अन्य निर्णय कार्यान्वय नभएको विषयमा प्रतिवाद गरेका थिए।

‘माननीयज्यूहरूलाई भन्न चाहन्छु, हामी न्यायिक निर्णय गर्ने निकाय हो कि होइन ? हामीले गर्ने भनेको सरकारलाई सुझाव र दबाब दिने हो। अहिलेसम्म छलफल भएका कुनचाहिँ विषयमा निर्णय गरेको छैन ?,’ उपसमितिमा रोकिएका प्रतिवेदनप्रति इंगित गर्दै उनले भने, ‘महालेखाको प्रतिवेदन ९ महिनादेखि कसले रोक्यो ? उपसमितिहरूले प्रतिवेदन नबुझाउने अनि लेखा समितिले गरेन भन्ने ?’

बैठकमा केही सांसदले पोखरा विमानस्थलको छानबिन समितिले बुझाएको प्रतिवेदनबारे प्राविधिक पक्षमा प्रश्न उठाएका थिए। सांसद गोकुल बाँस्कोटाले सोधपुछको प्रक्रिया कहिले भयो आफूलाई थाहा नभएको बताए। ‘प्रतिवेदनमा उठेको प्रश्न खराब पनि छैनन्। सबै कुरा ठीक पनि छैनन्। तर, हामी नै अनुसन्धान गर्ने अन्तिम निकाय नभएपछि यसलाई सम्बन्धित निकायमा छानबिन गर भनेर पठाउने नै हो। त्यसैले स्वार्थको द्वन्द्वको रटान लगाइरहनु आवश्यक छैन।’ कांग्रेस सांसद श्याम घिमिरेले पनि प्रतिवेदनकै आधारमा कसैलाई भ्रष्टाचारी भन्नसक्ने अवस्था नरहेको बताए। ‘म पोखराको समितिमा त छैन, भैरहवामा छु। एकपटक म पनि भैरहवा गएको थिए। तर, जुन हिसाबले हामीले अनुगमन गर्यौं, हेर्‍यौं। त्यही आधारमा कसैलाई भ्रष्टाचारी भन्नसक्ने अवस्था छैन।’

करिब सवा घण्टा चलेको बैठकमा समितिका सचिव एकराम गिरीले लेखा समितिको २३ औं प्रतिवेदनको तयारीबारे ब्रिफिङ गर्नु र पोखरा विमानस्थलसम्बन्धी छानबिन उपसमितिको प्रतिवेदन सदस्यहरूलाई वितरण गर्नुबाहेक केही भएन। अन्त्यमा अर्को बैठकमा प्रतिवेदनबारे छलफल गर्ने र यही महिनाभित्र लेखा समितिको २३ औं प्रतिवेदन संसद्मा पेस गर्नेबाहेक अरू केही निर्णय भएन।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)